# भाग १

## प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं.१३

## गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** खेलकुदको माध्यमबाट प्रदेश एवं मुलुकको राष्ट्रिय एकता प्रवर्द्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा खेलाडीको व्यावसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, संवर्द्धन र विकास गर्न खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश खेलकुद विकास ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश खेलकुद परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले प्रदेश खेलकुद परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित

व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेल समेतलाई जनाउँछ।

(घ) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था सम्झनु पर्छ।

(ङ) "खेलाडी" भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको प्रदेश खेलकुद परिषद् सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(झ) "सङ्घ" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका खेल सङ्घलाई सम्झनु पर्छ र सो शब्दले दफा २२ बमोजिमको खेल सङ्घ समेतलाई जनाउँछ।

(ञ) "सदस्य" भन्नाले प्रदेश खेलकुद परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ट) "सदस्य-सचिव" भन्नाले प्रदेश खेलकुद परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा १४ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रदेश खेलकुद परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. परिषद्को स्थापनाः** (१) प्रदेशमा खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रदेश खेलकुद परिषद् स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको प्रदेश खेलकुद परिषद्मा देहायका सदस्यहरू रहने व्यवस्था गरिएको छः-

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारको खेलकुद क्षेत्र हेर्ने मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) | खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको एक जना | -उपाध्यक्ष |
| (ग) | मन्त्रालयको सचिव | -सदस्य |
| (घ) | प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कम्तीमा पाँचजना महिला सहित प्रदेश सरकारले मनोनयन गरेका साहसीक पर्यटकीय खेलकुद सहित फरक फरक खेल विधाका बढीमा दश जना | -सदस्य |
| (ङ) | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा पदक प्राप्त खेलाडीमध्येबाट कम्तीमा एकजना महिला सहित प्रदेश सरकारले मनोनयन गरेको तीन जना | -सदस्य |
| (च) | प्रदेश प्रहरी कार्यालयको खेलकुद क्षेत्र हेर्ने प्रमुख | -सदस्य |
| (छ) | गण्डकी विश्वविद्यालयका प्रतिनिधि | -सदस्य |
| (ज) | उद्योग तथा पर्यटन व्यवसायीबाट एक/एक जना गरी परिषद्ले मनोनीत गरेका दुई जना | -सदस्य |
| (झ) | प्रदेशस्तरीय अपाङ्ग महासङ्घको प्रतिनिधि एक जना | -सदस्य |
| (ञ) | प्रदेशस्तरीय खेल सङ्घहरु मध्येबाट कम्तीमा एक जना महिलासहित अध्यक्षले मनोनयन गरेका तीन जना | -सदस्य |
| (ट) | परिषद्को सदस्य-सचिव | -सदस्य-सचिव |

(३) परिषद्ले नेपाली सेना र सशस्त्र प्रहरी बलको प्रदेशस्तरीय निकायका खेलकुद क्षेत्र हेर्ने प्रमुखलाई बैठकमा स्थायी रुपमा आमन्त्रण गर्नेछ।

(४) परिषद्ले जिल्ला खेलकुद विकास समितिका अध्यक्ष, प्रदेश सरकारका पदाधिकारी तथा अन्य विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमका सदस्यको मनोनयन गर्दा सम्भव भएसम्म भौगोलिक क्षेत्र र महिला, दलित, आदिवासी जनजाति, खसआर्य, अल्पसंख्यक, थारु, मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

४. **<u>परिषद् स्वशासित र संगठित संस्था हुने:</u>** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै तरिकाले व्यवस्थापन गर्न सक्नेछ।

तर परिषद्ले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **<u>संरक्षक:</u>** (१) मुख्यमन्त्री परिषद्को संरक्षक हुनेछ।

(२) संरक्षकले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

६. **<u>परिषद्को कार्यालय:</u>** परिषद्को कार्यालय प्रदेशको राजधानी पोखरामा रहनेछ।

७. **<u>सदस्यको पदावधि:</u>** (१) परिषद्को मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्का मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, परिषद्को हित विपरीत कुनै काम गरेमा वा पद अनुरुपको आचरण नगरेमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

८. **<u>पद रिक्त हुने अवस्था:</u>** (१) देहायका अवस्थामा परिषद्को मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको लागि निवेदन दिएमा वा अनुमति लिएमा,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, यौन दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी,

सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसुरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(घ) कुनै सार्वजनिक जवाफदेहीको पदको निर्वाचनका लागि उम्मेदवार भएमा,

(ङ) दफा ७ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(च) विना सूचना परिषद्को तीन वटा बैठकमा लगातार अनुपस्थित भएमा,

(छ) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएको अवस्थामा भागेको प्रमाणित भएमा,

(ज) निजको मृत्यु भएमा।

(२) दफा ३ को उपदफा (२) बमोजिम परिषद्मा मनोनीत सदस्यहरूको पदावधि पूरा नहुँदै कुनै कारणले पद रिक्त हुन आएमा बाँकी अवधिका लागि जुन प्रक्रियाद्वारा उक्त सदस्य मनोनयन भएको हो सोही प्रक्रियाबाट मनोनयन गरिनेछ।

९. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको विकासको लागि अवलम्बन गर्नु पर्ने नीति, रणनीति, खेलकुदको सञ्चालन तथा विकास र खेलकुद पूर्वाधारको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(ख) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) परिषद्को मानव स्रोत विकास एवम् व्यवस्थापन योजना तथा सङ्गठन संरचना तयार गरी मन्त्रालयमा पेश गर्ने,

(घ) खेलकुद विकासको लागि आवश्यक पर्ने खेल सामग्रीको व्यवस्थापन गर्ने, साधन स्रोत जुटाउने, परिचालन गर्ने तथा सोको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने, गराउने,

(च) खेल सम्बन्धी सङ्घ, संस्था तथा खेलाडीलाई उपलब्ध गराइने आर्थिक तथा अन्य सहयोग र छात्रवृत्ति सम्बन्धी मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) परिषद्, समिति, खेल सङ्घ, खेल संस्था, पदाधिकारी, सदस्य तथा कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, निर्णायक तथा खेल आयोजक र दर्शकले पालना गर्नुपर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागु गर्ने, गराउने,

(ज) खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने, गराउने,

(झ) खेलकुदका पूर्वाधार विकास गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड निर्धारण र नियमन गर्ने,

(ञ) अन्तरप्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय, सहयोग तथा सहकार्य गर्ने,

(ट) यस ऐनको प्रतिकूल नहुने गरी खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागु गर्ने, गराउने,

(ठ) खेलकुद सम्बन्धी तालिम केन्द्र तथा प्रतिष्ठान स्थापना गर्न पहल गर्ने,

(ड) निजी क्षेत्रबाट सञ्चालन हुने फुटसल, पौडीपोखरी, शारीरिक सुगठन लगायतका खेलकुद तथा मनोरञ्जन केन्द्रको पूर्वाधार निर्माण एवम् सञ्चालन गर्न मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ढ) खेलाडीहरूको वर्गीकरण अनुसार परिचय पत्रको व्यवस्था गर्ने, गराउने,

(ण) खेल तथा खेलाडीहरूको वर्गीकरण गर्ने र खेलाडीहरूको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने,

(त) राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटी, अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा अन्य खेलकुद सङ्घ र खेलकुद संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

(थ) खेलकुद विकासको लागि आवश्यक अध्ययन अनुसन्धान गरी आवश्यक सामग्री प्रकाशन गर्ने, गराउने,

(द) प्रदेशमा रहेका प्रशिक्षक, खेलाडी, निर्णायक समेतको अभिलेखीकरण गरी अद्यावधिक गर्ने, गराउने,

(ध) खेल सङ्घ संस्थाहरूको दर्ता र नवीकरण सम्बन्धमा तोकिए बमोजिम मापदण्ड निर्धारण गर्ने,

(न) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

**१०. परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगाडि सबै सदस्यलाई पठाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले त्यसरी अनुरोध गरेको मितिले पन्ध्र दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ।

(५) कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

तर कुनै कारणवश यस उपदफा बमोजिम गण पूरक सङ्ख्या नपुगेको कारणले बैठक बस्न नसकेकोमा त्यसपछि बस्ने अर्को बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गराई सदस्य-सचिवले सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(९) परिषद्को बैठकमा भाग लिने पदाधिकारी तथा सदस्य समेतले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) खेलकुदको समग्र विकास, विस्तार र प्रवर्धनका लागि नेतृत्व गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणित गर्ने,

(घ) परिषद्को काम कारबाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ङ) परिषद्ले तोकेका अन्य काम गर्ने।

१२. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको अनुपस्थितिमा परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमका काम गर्ने,

(ग) परिषद्ले तोकेका अन्य कार्य गर्ने।

१३. **<u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकमा भाग लिने,

(ख) परिषद्को निर्णय बमोजिम प्रदेशको खेल क्षेत्रको विकासमा क्रियाशिल रहने,

(ग) अध्यक्ष र परिषद्ले तोकेको काम गर्ने।

## परिच्छेद-३

## <u>समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

१४. **<u>समितिको गठनः</u>** (१) परिषद्को काम कारबाहीमा सहयोग गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) परिषद्को सदस्य-सचिव -संयोजक

(ख) परिषद्को सदस्यमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ग) मन्त्रालयको खेलकुद हेर्ने महाशाखा प्रमुख -सदस्य

(घ) परिषद्को कार्यालयको प्रशासन प्रमुख -सचिव

(२) उपदफा (१) बमोजिमको समिति परिषद्प्रति उत्तरदायी हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको लागि हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्य विना सूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित रहेमा वा समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा अध्यक्षले जुनसुकै बखत निजलाई समितिको सदस्यबाट हटाई परिषद्का अन्य सदस्यमध्येबाट उपदफा (१) बमोजिमको सदस्यमा मनोनयन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निजलाई हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१५. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खेलकुद तालिका तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्को निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताको लागि आवश्यक कार्य गर्ने,

(घ) प्रदेश सरकारको स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधिहरू मन्त्रालयको स्वीकृतिमा पठाउने,

(ङ) परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्ने,

(च) खेलकुदको विकास, विस्तार र सञ्चालनमा विभिन्न निकायहरूबीच समन्वय गर्ने,

(छ) परिषद्बाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रूपमा समीक्षा गर्ने,

(ज) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्ने,

(झ) खेलकुद सम्बन्धी अध्ययन अनुसन्धान र प्रकाशन गर्ने,

(ञ) खेलाडीहरूको स्तर वृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिमको व्यवस्था गर्ने र उपयुक्त खेलाडीलाई स्वदेश तथा विदेशमा तालिमको लागि छनोट गर्ने,
तर विदेशी प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(ट) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरूलाई पुरस्कृत गर्ने तथा खेलाडीहरूको वृत्ति विकासको आवश्यक व्यवस्था मिलाउने,

(ठ) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रूपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरूमा वृद्धि गर्न प्रोत्साहन गर्ने,

(ढ) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताको सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने,

(ण) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रशिक्षण दिने, प्रोत्साहन गर्ने र प्रतियोगिता आयोजना गर्ने,

(त) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिताको आयोजना सम्बन्धमा प्रदेश, जिल्ला, स्थानीय तह, र खेल सङ्घ र संस्थाका बीचमा समन्वय गर्ने,

(थ) प्रदेश खेल सङ्घको अधिवेशनमा प्रतिनिधि पठाउने,

(द) प्रदेश सरकारसँग भगिनी सम्बन्ध स्थापना भएका विभिन्न मित्रराष्ट्रका प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सहयोग आदानप्रदान गर्ने,

(ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

**१६. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सचिवले संयोजकको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबैले पाउने गरी पठाउनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(६) समितिको बैठकमा सर्वसम्मतिबाट निर्णय गरिनेछ।सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ।

(८) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्य समेतले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## सदस्य-सचिव तथा कर्मचारी सम्बन्धी

**१७. सदस्य-सचिव सम्बन्धी व्यवस्थाः** (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषद्मा एकजना सदस्य-सचिव रहनेछ।

(२) सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ग) खेलकुदको क्षेत्रमा विशेष योगदान पुर्‍याएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) सार्वजनिक लाभको पद प्राप्त नगरेको,

(च) तीस वर्ष उमेर पूरा भएको।

(३) प्रदेश सरकार, मन्त्रिपरिषद्ले उपदफा (२) बमोजिम योग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्न प्रदेश सरकारको खेलकुद क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा मन्त्रालयको सचिव र सम्बन्धित क्षेत्रको एक जना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (२) बमोजिमको योग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको नियुक्तिको लागि कम्तीमा एकजना महिला सहित तीनजना उपयुक्त व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्नेछ।

तर योग्यता पुगेका महिलाको निवेदन नपरेमा महिलाको नाम समावेश नगरी सिफारिस गर्न वाधा पर्ने छैन।

(५) उपदफा (४) बमोजिम सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा आफ्नो बैठक सम्बन्धी कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) मन्त्रालयले उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिमध्येवाट सदस्य-सचिव नियुक्ति गर्न प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ।

(७) उपदफा (५) बमोजिम मन्त्रालयबाट पेश भए बमोजिमका व्यक्तिमध्ये प्रदेश सरकार, मन्त्रिपरिषद्ले उपयुक्त ठानेको व्यक्तिलाई सदस्य–सचिवको पदमा नियुक्ति गर्नेछ।

(८) उपदफा (७) बमोजिम नियुक्त सदस्य–सचिवको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा सदस्य-सचिवलाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) यस ऐन विपरीत कुनै कार्य गरेमा वा

(ग) परिषद्लाई हानी नोक्सानी हुने कुनै काम गरेमा,

(घ) निजले इमान्दारीपूर्वक जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्य क्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्को निर्देशन पालना नगरेमा।

(१०) उपदफा (९) बमोजिम सदस्य-सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(११) देहायको अवस्थामा सदस्य-सचिवको पद रिक्त भएको मानिनेछः-

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा वा सोको लागि निवेदन दिएमा,

(ग) निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफदेहीको पदमा उम्मेदवार भएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसुरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(ङ) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(च) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको प्रमाणित भएमा,

(छ) निजको उमेर साठी वर्ष पूरा भएमा,

(ज) निजको मृत्यु भएमा।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले सदस्य–सचिवको पद रिक्त भएमा वा निलम्वन भएमा निजको निलम्बन फुकुवा नभएसम्मको लागि वा सदस्य–सचिव नियुक्ति नभएसम्म मन्त्रालयले प्रदेश निजामती सेवाको राजपत्रांकित द्धितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको कर्मचारी वा परिषद्को वरिष्ठतम् कर्मचारीलाई सदस्य-सचिवको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(१३) सदस्य–सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१८. **सदस्य-सचिवको काम कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) परिषद्को कर्मचारी प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) प्रदेश सरकारको स्रोत बाहेक अन्य स्रोतबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता तथा गोष्ठिमा भाग लिने खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधि पठाउने र सोको जानकारी मन्त्रालयलाई दिने,

(च) मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, अन्तर-प्रदेश र स्थानीय तहका खेल सङ्घहरूसँग आवश्यक समन्वय गर्ने,

(छ) परिषद्को सार्वजनिक खरिदसम्बन्धी काम गर्ने,

(ज) परिषद्को चल, अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) लेखा उत्तरदायी अधिकृत भई काम काज गर्ने, गराउने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१९. **कर्मचारी सम्बन्धीः** (१) परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत रिक्त दरबन्दीमा आवश्यक कर्मचारीको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) परिषद्बाट सम्पादन गर्नु पर्ने कुनै काम परिषद्को जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था भएमा त्यसको कारण खुलाई प्रचलित कानून बमोजिम विज्ञ वा प्राविधिकको सेवा परामर्श लिन सकिनेछ।

## परिच्छेद-५

## परिषद्को कोष

२०. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन:-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त रकम,

(ग) परिषद्ले प्रदान गर्ने खेलकुद सम्बन्धी प्रशिक्षणको शुल्क बापतको रकम,

(घ) कुनै व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त सहयोग रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग रकम,

(च) खेल सङ्घ तथा संस्थाहरूको दर्ता तथा नविकरण बापत प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम 'क' वर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोषको खाता सदस्य-सचिव वा निजले तोकेको कर्मचारी र परिषद्को लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

२१. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अवलम्वन गरेको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) परिषद्को आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिम प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-६

## <u>खेल सङ्घको गठन र सञ्चालन</u>

२२. **<u>खेल सङ्घ गठन गर्न सकिनेः</u>** (१) प्रदेश, जिल्ला तथा स्थानीय तहका खेल सङ्घहरू तोकिए बमोजिम गठन र सञ्चालन गर्न सकिनेछ।

(२) प्रदेशस्तरका खेल सङ्घ तोकिए बमोजिम परिषद्मा दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका खेल सङ्घ गठन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) एक खेलको लागि एउटा मात्र खेल सङ्घ गठन भएको हुनु पर्ने,

(ख) खेल सङ्घको विधानमा एउटै व्यक्ति एकै पटक एकभन्दा बढी खेल सङ्घको पदाधिकारी हुन नसक्ने व्यवस्था हुनु पर्ने ,

(ग) खेल सङ्घको विधानमा प्रत्येक चार वर्षमा प्रचलित कानून बमोजिम खेल सङ्घका पदाधिकारी तथा सदस्यको निर्वाचन हुने व्यवस्था गर्नु पर्ने,

(घ) प्रत्येक वर्ष सङ्घको आय व्ययको प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्नु पर्ने व्यवस्था हुनु पर्ने,

(ङ) खेल सङ्घको पदाधिकारी तथा खेलाडीको लागि आचारसंहिता लागु हुने व्यवस्था हुनु पर्ने,

(च) जिल्ला खेल सङ्घ गठन गर्न कम्तीमा तीनवटा स्थानीय तहमा खेल सङ्घ गठन भएको हुनु पर्ने,

(छ) तोकिए बमोजिमका अन्य मापदण्ड पूरा भएको।

(४) खेल सङ्घ दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसुर तथा सजाय

**२३. प्रतिबन्धित औषधि सेवन गर्न, गराउन नहुनेः** (१) यस ऐन बमोजिम आयोजना हुने कुनै पनि खेलमा सहभागी हुँदा खेलाडीले प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन।

(२) यस ऐन बमोजिम आयोजना हुने खेलमा कुनै व्यक्तिले डर, त्रास देखाई वा झुक्यान वा प्रलोभनमा पारी खेलाडीलाई प्रतिबन्धित औषधि सेवन गर्न, गराउन लगाउनु हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ।

**२४. खेलमा मिलेमतो तथा अनियमितता गर्न नहुनेः** नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडीसँग प्रतिस्पर्धा गर्दा कुनै खेल सम्बद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी कुनै खेलाडी वा खेलाडीको समूहसँग मिलेमतो गर्न वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्न हुँदैन।

**२५. कसुर मानिनेः** कसैले देहाय बमोजिमका कुनै कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) दफा २३ उपदफा (१) बमोजिम प्रतिबन्धित औषधि सेवन गरेमा,

(ख) दफा २३ उपदफा (२) बमोजिम प्रतिबन्धित औषधि सेवन गर्न लगाएमा,

(ग) दफा २४ बमोजिम खेलमा मिलेमतो तथा अनियमितता गरेमा,

(घ) दफा ४५ बमोजिमको आचारसंहिता उल्लंघन गरेमा,

(ङ) धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा, क्षेत्र वा वैचारिक आस्थाको आधारमा खेलाडीबीच विभेद वा शारीरिक वा मानसिक हिंसा गरेमा,

(च) प्रदेशको प्रतिनिधित्व गरी विदेश गएका पदाधिकारी वा खेलाडी भागेको प्रमाणित भएमा

(छ) झुट्टा विवरण दिई दफा २२ को उपदफा (२) बमोजिम परिषद्मा दर्ता गरेमा।

२६. **<u>सजायः</u>** कसैले देहायका कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा २५ को खण्ड (क) बमोजिमको कसुर गरेमा निजले सेवन गरेको प्रतिबन्धित औषधिको मात्रा र प्रकृति अनुसार त्यस्तो खेलाडीलाई तोकिए बमोजिमको अवधिको लागि कुनै पनि खेलकुद प्रतियोगितामा भाग लिन नपाउने गरी रोक लगाई पहिलो पटकको लागि दश हजार रूपैंयासम्म र दोस्रो पटकदेखि प्रत्येक पटक दश हजारदेखि पचास हजार रूपैंयासम्म जरिबाना,

(ख) दफा २५ को खण्ड (ख) बमोजिमको कसुर गरेमा दश हजारदेखि पचास हजार रूपैंयासम्म जरिबाना,

(ग) दफा २५ को खण्ड (ग) बमोजिमको कसुर गरेमा तीन वर्ष कैद र पचास हजार रूपैयाँसम्म जरिबाना गरी सो कसुर गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यस्तो लेनदेन गरेको रकम समेत जफत,

(घ) दफा २५ को खण्ड (ग) बमोजिमको कसुर गर्न आदेश वा निर्देशन दिने, त्यस्तो कसुर गर्न दुरूत्साहन दिने, उक्साउने वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसुरदार सरह सजाय हुनेछ र त्यस्तो कसुर सार्वजनिक पद धारण गरेको व्यक्ति वा नेपालको प्रतिनिधित्व गर्ने व्यक्तिले विदेशमा गरेको रहेछ भने निजलाई थप तीन वर्षसम्म कैद,

(ङ) दफा २५ को खण्ड (च) बमोजिमको कसुर गरेमा त्यस्ता खेलाडी वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम नेपाल झिकाई तीन वर्ष सम्म कैद

(च) दफा २५ को खण्ड (घ) बमोजिमको कसुर गर्ने पदाधिकारी, प्रशिक्षक, निर्णायक र खेलाडीलाई एक वर्षदेखि तीन वर्षसम्म निलम्बन गरी प्रचलित कानून बमोजिम कारबाही र सजाय,

(छ) दफा २५ को खण्ड (ङ) बमोजिमको कसुर गरेमा प्रचलित कानून बमोजिमको सजाय र तीस हजार रूपैयाँदेखि एक लाख रूपैयासम्म जरिबाना,

(ज) दफा २५ को खण्ड (च) बमोजिमको कसुर गरेमा त्यस्तो सङ्घको दर्ता खारेज गरी सङ्घका पदाधिकारीहरूलाई प्रचलित कानून बमोजिम कारबाही।

२७. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** (१) दफा २६ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

(२) दफा २६ को खण्ड (च), (छ) र (ज) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार परिषद्लाई हुनेछ।

२८. **<u>पुनरावेदनः</u>** दफा २७ को उपदफा (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा र जिल्ला अदालतबाट भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ।

२९. **<u>सरकार वादी हुनेः</u>** दफा २६ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको कसुरमा सजाय हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

## परिच्छेद-८
## <u>विविध</u>

३०. **<u>जिल्ला खेलकुद विकास समितिः</u>** (१) प्रदेश सरकारले जिल्लास्तरमा खेलकुदको सञ्चालन तथा विकास गर्न प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **<u>ओलम्पिक कमिटीः</u>** (१) प्रदेशमा ओलम्पिक कमिटी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) प्रदेशस्तरीय ओलम्पिक कमिटी गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **प्रशिक्षण सम्बन्धी व्यवस्था:** खेलाडीको क्षमता विकास गर्न परिषद्ले तोकिए बमोजिम प्रशिक्षणको व्यवस्था गर्न सक्नेछ।

३३. **प्रोत्साहन गर्न सक्ने:** (१) प्रदेशस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य सङ्घ संस्थालाई प्रदेश सरकारले प्रोत्साहन गर्न सक्नेछ।

(२) खेलाडी वा पूर्व खेलाडीलाई रोजगारी दिने सङ्घसंस्था, वाणिज्य वा औद्योगिक प्रतिष्ठानहरूलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खेलकुद प्रतियोगिता सञ्चालन गर्दा मदिरा वा सुर्तीजन्य पदार्थको प्रायोजन गर्न पाइने छैन र त्यस्तो पदार्थसँग सम्बन्धित संस्थालाई प्रोत्साहन गरिने छैन।

३४. **निजी स्वार्थ भएको विषयमा भाग लिन नहुने:** परिषद् र समितिका पदाधिकारी, सदस्य वा परिषद्का कर्मचारीहरूले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कारबाहीमा भाग लिनु हुँदैन।

३५. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) परिषद् वा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) यस दफा बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा समितिले तोके बमोजिम हुनेछ।

३६. **एन्टिडोपिङ एजेन्सी:** खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्ध कार्य गर्ने एन्टिडोपिङ एजेन्सी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **स्वीकृति लिनु पर्ने:** (१) परिषद्ले विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(२) राष्ट्रिय खेलसङ्घ वा प्रदेश र स्थानीय स्तरका खेलसम्बन्धी संस्था वा निकाय तथा सङ्घले विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) निजी क्षेत्र वा अन्य सङ्घ संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा खेलकुद प्रतियोगिताको आयोजना वा सञ्चालन गर्नु अघि सम्बन्धित खेल सङ्घको सिफारिस सहित परिषद्को स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी परिषद्ले मन्त्रालयलाई दिनु पर्नेछ।

३८. **<u>वार्षिक प्रतिवेदनः</u>** (१) प्रदेश खेल सङ्घले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम, कारबाही तथा आय व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले पैंतीस दिन भित्र परिषद्मा पेश गर्नु पर्नेछ।

(२) परिषद्ले प्रत्येक वर्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद्ले वर्ष भरिमा सम्पादन गरेका काम, उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोष तथा स्रोत साधनको अवस्था, खेलकुद क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय तथा खेल सङ्घले गरेका मुख्य काम कारबाही, आय र व्ययको संक्षिप्त विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको परिषद्को वार्षिक प्रतिवेदन अध्यक्षले संरक्षक समक्ष पेश गर्नेछ।

(५) परिषद्ले उपदफा (१) र (२) बमोजिम पेश गरेको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

३९. **<u>खेलकुद पूर्वाधार निर्माणः</u>** (१) खेलकुद पूर्वाधारको निर्माण एवम् मर्मत सम्भार मन्त्रालय आफैंले गर्न वा परिषद् मार्फत गराउन सक्नेछ।

(२) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, गैर सरकारी, सहकारी र सामुदायिक सङ्घ संस्थासँग साझेदारी गर्न सकिनेछ।

(३) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय लगानीलाई अनुमति एवम् प्रोत्साहन गर्न सकिनेछ।

(४) निजी क्षेत्र, गैर सरकारी, सहकारी र सामुदायिक सङ्घ संस्थाले निर्माण तथा सञ्चालन गर्ने पूर्वाधारहरूको मापदण्ड परिषद्को सिफारिसमा मन्त्रालयले तोक्न सक्नेछ।

४०. **कल्याणकारी कोषः** (१) खेलाडी, पूर्व खेलाडी, प्रशिक्षक, निर्णायक तथा कर्मचारीहरूको सामाजिक सुरक्षा, बिमा, आकस्मिक उद्धार, उपचार एवम् पुनःस्थापनाका लागि परिषद्मा कल्याणकारी कोषको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोष अक्षय कोषको रूपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले खेलकुदको विकास र सुधारको विषयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

४२. **अधिकार प्रत्यायोजनः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, सदस्य वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) सदस्य-सचिवले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४३. **प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४४. **नियम तथा निर्देशिका बनाउन सक्नेः** यो ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

४५. **आचारसंहिता बनाई लागु गर्नेः** (१) परिषद्ले परिषद्, समिति, सङ्घ, सङ्घका पदाधिकारी तथा परिषद्का कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, निर्णायक तथा खेल आयोजकले पालना गर्नु पर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

प्रमाणीकरण मितिः२०७७।०७।२४

आज्ञाले,

केदारनाथ शर्मा

प्रदेश सरकारको सचिव